# लुङ्ग्री गाउँपालिकाको
# आर्थिक वर्ष २०८१।८२ को
# बजेट बक्तव्य

## लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय
## वडाचौर, रोल्पा

गाउँसभामा पेश गरेको मिति २०८१।०३।१०

# आर्थिक वर्ष २०८१।८२ को बजेट बक्तव्य

गाउँ सभाका सभाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरू,
सभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरु,
संचारकर्मी तथा पत्रकारहरु,
अन्य उपस्थित महानुभावहरु,

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भइ गठन भएको गाउँसभामा तेस्रो पटक आर्थिक वर्ष २०८१।८२ को बजेट पेश गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु। यस अवसरमा नेपालको राजनैतिक अग्रगमन लोकतन्त्रको सबलिकरण एवं संविधान निर्माण मार्फत राज्यको पुनः संरचनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मुक्ति युद्ध लगायतमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाइते, अपाङ्ग, असक्त योद्धाहरुको शिघ्र स्वास्थ्य लाभ र दिर्घ जीवनको कामना गर्दछु।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई संवैधानिक रुपमा सार्वभौम अधिकारको प्रत्याभूती गरेको छ। नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय सरका  बरसँग नागरिकका अधिक अपेक्षाहरू रहेका छन्। ती अपेक्षाहरुको सम्वोधन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा छ।गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका सिमित श्रोत साधनको उच्चतम उपयोग र व्यवस्थापन गर्दै जनताका विकास र समृद्धिका अपेक्षाहरू सम्बोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चूनौती गाउँपालिकामा रहेको छ। नेपालको संविधान, सोह्रौं योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, गाउँपालिकाको प्रथम आवधिक योजना, मध्ययमकालिन खर्च संरचना, जनतासँग गरिएका प्रतिवद्धताहरु, गाउँपालिकाको नीति तथा कार्यक्रम तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी प्रस्तुत बजेट तयार गरिएको छ। बजेट निर्माणमा महत्वपूर्ण सल्लाह तथा सुझाव दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आधार व्यक्त गर्दै बजेट कार्यान्वयनमा समेत सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गरिएको छ।

**सभाका सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु। चालु आर्थिक वर्षमा संशोधन सहित रु ४३ करोड २० लाख ६ हजार पाँच सय उनान्सय रुपैयाको बजेट विनियोजन भएकोमा हालसम्म २८ करोड २० लाख ३४ हजार ५ सय ८५ अर्थात ६५.२८ प्रतिशत खर्च भएको छ। उक्त खर्च आर्थिक वर्षको अन्तिम सम्ममा ९२ प्रतिशत खर्च हुने अनुमान रहेको छ। कुल खर्चमा चालु खर्च ७०.३७ प्रतिशत तथा पुँजीगत खर्च ५५.२९ प्रतिशत रहेको छ। संघीय सरकारबाट प्राप्त हुनुपर्ने समानीकरण अनुदान २ करोड २४ लाख र प्रदेश समानीकरण अनुदान १४ लाख ८२ हजारले कमी भएका कारण पुजीगत योजना तथा शिक्षकको तलब भुक्तानीमा स्रोतको चाप पर्न सक्ने देखिन्छ। उपभोक्ता समिति मार्फत कार्यान्वयन रहेका योजनाहरुको कार्यान्वयन समयमा नहुदा पुँजीगत खर्च सन्तोषजनक देखिदैन।

**अब म आर्थिक बर्ष २०८१।८२ को बजेटको उद्देश्यहरु पेश गर्न अनुमति चाहन्छु।**

बजेटका उद्देश्यलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

१. आर्थिक विकास मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गरी रोजगार सिर्जना मार्फत समृद्ध गाउँपालिका निर्माण गर्ने,

२. स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउने,

३. शैक्षिक क्षेत्रको गुणस्तरलाई अभिवृद्धि गर्ने र सम्पूर्ण बालबालिकाको शिक्षा पहुँच सुनिश्चितता गर्ने,

४. कृषि तथा पशुपालन क्षेत्रको विकास गरि व्यवसायिकता प्रवर्धन गर्ने,

५. गाउँपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरिकलाई सुशासनको अनुभूती गराउने।

**सभाध्यक्ष महोदय,**

**अव म आर्थिक वर्ष २०८१।८२ को बजेटका प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।**

१. कृषि क्षेत्रको व्यवसायीकता प्रवर्धन र रोजगारी सिर्जना,

२. शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तरमा अभिबृद्धि,

३. तुलनात्मक लाभका क्षेत्रको विकास र दिगो विकास,

४. भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्धन,

५. गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएको लक्ष्यहरुको क्रमस कार्यान्वयन,

६. सेवा प्रवाह र विकास व्यवस्थापनमा आम नागरिकको सहज पहुँच,

७. सेवाग्राही मैत्री पूर्वाधार विकास र संरक्षण,

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८१।८२ को लागि लुङ्ग्री गाउँपालिकाको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु।**

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रु ८ करोड ८० लाख, सशर्त अनुदान चालु रु १७ करोड ८६ लाख ११ हजार , सशर्त अनुदान पुँजीगत २ करोड ४३ लाख २५ हजार, विशेष अनुदान चालु ३ करोड र राजश्व बाँडफाँडबाट प्राप्त हुने १० करोड, प्रदेश सरकारबाट विनियोजित समानीकरण अनुदान ५६ लाख ३९ हजार, सशर्त चालु ३० लाख, सशर्त पूँजीगत ८५ लाख, विशेष अनुदान पूँजीगत २० लाख तथा समपुरक अनुदान ७० लाख, राजश्व बाँडफाँड ३७ लाख ९२ हजार, गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व ५४ लाख ४२ हजार १ सय पचास र गत वर्षको बाँकी मौज्दात अनुमानित १ करोड २० लाख गरी जम्मा रु **४६ करोड ८३ लाख ९ हजार १ सय ५०** अनुमान गरिएको छ। जसमा सशर्त अनुदानका आयोजना बाहेक वडा समितिलाई ३ करोड ३३ लाख, शिक्षा युवा तथा खेलकुल शाखा अन्तर्गत २ करोड २५ लाख, स्वास्थ्य शाखा अन्तर्गत ३५ लाख, कृषि विकास शाखा २० लाख, पशु विकास शाखा २० लाख, न्यायीक समितिलाई ३ लाख, पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखालाई ५ लाख, लघुउद्यम विकास कार्यक्रम साझेदारिका लागि ५ लाख, बहुक्षेत्रीय पोषण कार्यक्रम साझेदारिका लागि ५ लाख र महिला बालबालिका शाखाको लागि १० लाख विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८१।८२ को लागि विनियोजित कार्यक्रमको संक्षिप्त विवरण सभासमक्ष पेश गर्न अनुमती चाहन्छु ।**

**कृषि तथा पशु**

१. कृषि तथा पशु पालनको व्यवसायीकता अभिबृद्धि गरि रोजगारी सिर्जना मार्फत आय स्रोतमा बृद्धि गर्न कृषि तथा पशु विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। कृषि तथा पशु विकास सम्बन्धी साझेदारी कार्यक्रम मार्फत गाउँपालिकाको कृषि तथा पशु विकास क्षेत्रको विकासका लागि साझेदारी कार्यक्रमलाई निरन्तरता दिन गाउँपालिकाको तर्फबाट रु १ करोड रकम विनियोजन गरिएको छ। नयाँ तरकारी पकेट स्थापना गर्न प्रदेश सशर्त अनुदान मार्फत रु १५ लाख विनियोजन गरिएको छ।तरकारी पकेट कार्यक्रमलाई निरन्तरता दिन संघीय सरकार मार्फत रु १२ लाख विनियोजन गरिएको छ। बाख्रा पकेट क्षेत्र विकास कार्यक्रमका लागि प्रदेश सशर्त अनुदान मार्फत रु १५ लाख विनियोजन गरिएको छ।

२. पशुपालन व्यवसायलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम, औषधी खरिद, निशुल्क पशु स्वास्थ्य शिविर, पशु खोप शिविर जस्ता सालबसाली कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

३. कृषि पेशालाई प्रोत्साहन गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न तरकारीको मिनिकिट वितरण, अनुदानमा मकै र गहुँको विउ वितरण, प्लाष्टिक टनेल वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।
४. कृषकको क्षमता विकास तथा स्थानीय बाली प्रवर्धन गर्न तालिमको व्यवस्था गरिएको छ।
५. कृषि तथा पशुपंछि क्षेत्रको समग्र विकास गरि आर्थिक विकासमा टेवा पुऱ्याउने चालु तथा पूँजीगत योजना कार्यान्वयनका लागि २ करोड ३ लाख ३१ हजार विनियोजन गरिएको छ।

**सडक तथा भौतिक पूर्वाधार**

१. गाउँपालिकाका मुख्य मुख्य सडकहरूको नियमित मर्मत तथा सम्भार गरिने छ। मुल सडकहरूमा हुने अवरोधलाई हटाई नियमित संचालनका लागि प्रत्येक वडामा आवश्यक बजेट विनियोजन गरिएको छ।
२ ३ नं. वडा कार्यालय देखि सिमिगिठा मोटरबाटो निर्माणका लागि प्रदेश समपुरक अनुदान मार्फत रु ७० लाख विनियोजन गरिएको छ।
३. गाउँपालिकाका तथा संघीय सरकारको साझेदारीमा निर्माणाधीन झोलुङ्गेपुलहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
४. गाउँपालिकाको प्रशासनिक भवनको थप संरचना निर्माण गर्न ४४ लाख विनियोजन गरिएको छ।
५. वडा नं. १ देउराली मोटरबाटो निर्माणका लागि रु १५ लाख विनियोजन गरिएको छ।

**स्वास्थ्य**

१. सिर्प स्वास्थ्य चौकी भवन निर्माण कार्यलाई पूर्णता दिन गाउँपालिकाबाट रु ३० लाख विनियोजन गरिएको छ।
२. स्वास्थ्य क्षेत्रको समग्र सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिनका लागि संघीय सरकारबाट थप विशेष अनुदानमा रु ३ करोड विनियोजन गरिएको छ। उक्त रकम सबै स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार विकास, स्वास्थ्य क्षेत्रका कर्मचारी तथा स्वयसेविका क्षमता विकास, स्वास्थ्य संस्थाहरुलाई आवश्यक स्वास्थ्य सामग्री व्यवस्थापन लगायत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नमा लगानी गरिनेछ।
३. स्वास्थ्य संस्थाको लागि आवश्यक निःशुल्क औषधि खरिद गर्न बजेट व्यवस्था गरिएको छ।
४. गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी अन्य जिल्लामा रिफर हुने सुत्केरीको लागि गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा व्यवस्था गरिनेछ ।
५. पाङ स्वास्थ्य चौकी निर्माणका लागि प्रदेश सशर्त अनुदान मार्फत रु १५ लाख विनियोजन गरिएको छ।
६. स्वास्थ्य संस्थामा सुत्केरी महिलालाई यातायात खर्च, स्वास्थ्य स्वयमसेविकाको यातायात खर्च, सुरक्षित मातृत्व कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

७. २०७३ साल पछि सेवा निवृत्त भएका स्वास्थ्य स्वयंसेविका सम्मानका लागि रु १ लाख २० हजार विनियोजन गरिएको छ।

८. १५ शैयाको अस्पताल निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन(DPR) तयार गर्न रु २० लाख विनियोजन गरिएको छ।

९. स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि चालु र पूँजीगत गरि ४ करोड ७६ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ।

**शिक्षा**

१. शिक्षा क्षेत्रको गुणस्तरियता अभिवृद्धि गरी बालमैत्री शिक्षण सिकाईका लागि पुर्व प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरुलाई मन्टेश्वरी तालिम गर्न रु २ लाख ५० हजार विनियोजन गरिएको छ ।

२. विद्यालयको भौतिक पूर्वधार निर्माण कार्यलाई निरन्तरता दिदै विद्यार्थी मैत्री पुर्वाधार निर्माण गर्न स्थानीय सरकारको साझेदारीमा विद्यालय भवन निर्माण गर्ने संघीय सशर्त अनुदान मार्फत रु १ करोड ८० लाख विनियोजन भएको छ।

३. विद्यालयहरुको नियमनलाई प्रभावकारी बनाउन विद्यालयहरुमा ई हाजिरी जडानको लागि रु ८ लाख विनियोजन गरिएको छ।

४. उत्कृष्ट विद्यालय र विद्यार्थी सम्मान कार्यक्रम, भर्ना अभियान संचालन कार्यक्रम, पालिकास्तरिय आधारभूत तह उत्तीर्ण कक्षा ८ परिक्षा संचालन तथा व्यवस्थापन,स्थानीय पाठ्यक्रम सहयोग सन्दर्भ सामाग्री निर्माण, शैक्षिक बुलेटिन प्रकाशन लगाएतका नियमित कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ ।

५. गाउँपालिकाको दरबन्दीमा कार्यरत प्राथमिक तहका शिक्षकहरुको मासिक तलब रु.२ हजारका दरले र निम्नमाध्यामिक तह र माध्यामिक तहका शिक्षकहरुको तलब मासिक रु.१हजारका दरले वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

६.सरिकोट प्राथमिक विद्यालय लुङ्ग्री -२, जन कल्याण प्राथमिक विद्यालय खद्दर लुङ्ग्री-१, तल्लो सेवार बालबिकास केन्द्र लुङ्ग्री-५, जन ज्योती मा.वि. बालबिकास केन्द्र लुङ्ग्री-६, जेकुल प्रा.वि. लुङ्ग्री-५, जनता प्रा.वि. लुङ्ग्री-५, जनजागृति बा.बि.के. भवन निर्माण लुङ्ग्री-१, लालज्योती बा.बि.के. भवन निर्माण लुङ्ग्री-७, **सुनछहरी** बा.बि.के. भवन निर्माण लुङ्ग्री-७ लगायतका विद्यालयको थप संरचना निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

७. विद्यालयहरुको भौतिक संरक्षण गर्न प्रदेश सशर्त अनुदान मार्फत ७ वटा विद्यालयको घेराबारको लागि बजेट सुनिश्चित गरिएको छ।

८. शैक्षिक गुणस्तर सुधार तथा क्षमता विकास योजना निर्माण गर्न रु ८ लाख विनियोजन गरिएको छ।

९. शिक्षा क्षेत्रको समग्र गुणस्तर सुधार तथा भौतिक संरचना निर्माण गर्न कार्यालय संचालन र तलब खर्च समेत गरि रु१९ करोड ९२ लाख ४८ हजार ५ सय विनियोजन गरिएको छ।

## कला, संस्कृति तथा पर्यटन

१. गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव, भाषा संस्कृति लगायत पर्यटकिय स्थलहरुको पहिचान, प्रवर्धन, संरक्षण, प्रचार प्रसार मार्फत पर्यटकको संख्या बृद्धि गर्न पर्यटन प्रवर्द्धन योजना निर्माणका लागि रु ८ लाख विनियोजन गरिएको छ।

२. कला साहित्यको संरक्षण तथा प्रवर्द्धन गर्न कला साहित्य जगेर्ना सम्बन्धी कार्यक्रम गर्न रु २ लाख बजेट विनियोजन गरिएको छ।

३. लुङ्ग्री गा.पा. ६ पाटे गुम्चालमा युद्ध पर्यटन पुर्वाधर निर्माण गर्न संघीय सशर्त अनुदान मार्फत रु ४५ लाख विनियोजन गरिएको छ।

## सामाजिक सुरक्षा, सामाजिक न्याय तथा लैङ्गिक समानता

१. जेष्ठ नागरिक तथा अशक्तको लागि घरमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थाको लागि बैंकसँग समन्वय गरी वितरण कार्यलाई निरन्तरता दिइनेछ।

२. बालबालिका, विपन्न महिला, दलित, अपाङ्ग, सहिद तथा घाइते परिवार लक्षित आयआर्जन तथा सशक्तीकरण लागि महिला तथा बालबालिका शाखा, लघुउद्यम विकास शाखा, बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

३. सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चितताको लागि उपाध्यक्षसँग विपन्न विद्यार्थी कार्यक्रम मार्फत रु ५ लाख विनियोजन गरिएको छ।

४. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ समेतको चरणको लागि आवश्यक तयारी गरिनेछ। विपद् न्यूनीकरण तथा प्रतिकार्यकालाई विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरिनेछ। उद्दार, राहत र पुनःस्थापना मार्फत विपद् व्यवस्थापनलाई सम्बोधन गर्न रु १० लाख विनियोजन गरिएको छ।

६. गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन संघीय सरकारबाट रु २२ लाख ६० हजार र गाउँपालिकाबाट रु ५ लाख गरि रु २७ लाख ६० हजार विनियोजन गरिएको छ।

७. महिला सशक्तिकरण तथा हिंसा न्युनिकरणका लागि साइबर अपराध र बालबिबाह सचेतना कार्यक्रम, किशोरीको आत्मरक्षा तालिम, महिला कानुनी अधिकार सम्बन्धी अभिमुखिकरण लगायतका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

८. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई थप पारदर्शी बनाई एकद्वार प्रणालीबाट सामाजिक सुरक्षा वितरण गर्न आवश्यक सामाग्री खरिद र सचेतना कार्यक्रम संचालन गर्न रु ५ लाख विनियोजन गरिएको छ।

## युवा, रोजगारी तथा खेलकुद

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुलक क्षेत्रमा केन्द्रित गरिनेछ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा स्वरोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना लगायत प्रशासनिक खर्चका लागि रु ८३ लाख १३ हजार विनियोजन गरिएको छ।

३. युवा उद्यमी विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्नका लागि गाउँ युवा परिषद् मार्फत कार्यक्रम संचालन गर्न रु १० लाख विनियोजन गरिएको छ।
४. लघुउद्यम विकास कार्यक्रम मार्फत लघु उद्यमी सिर्जना गर्न संघीय सशर्त अनुदानमा रु १३ लाखमा गाउँपालिकाबाट रु ५ लाख साझेदारी गरी जम्मा रु १८ लाख विनियोजन गरिएको छ।
५. विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्न संघीय सशर्त अनुदान रु १ लाख र गाउँपालिकाबाट रु ८ लाख गरी ९ लाख विनियोजन गरिएको छ।
६.अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गर्नका लागि रु १० लाख बजेट विनियोजन गरिएको छ।

**सुशासन**

१. कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास गरी शासन संचालन तथा सेवा प्रवाहमा गुणस्तरीयता अभिबृद्धि गर्न कर्मचारी र जनप्रतिनिधि तालिमका लागि रु १० लाख विनियोजन गरिएको छ।
२. विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औल्याइएको बेरूजू रकम असुलीको कार्यलाई प्राथमिकताका साथ गरिनेछ ।
३. सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कार्यालय सहयोगीहरुको मासिक १ हजारका दरले तलब बृद्धि गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।
४. आगामी आर्थिक वर्ष पालिका भवनमा डिजिटल नागरिक वडापत्र, इन्टरनेट र CCTV जडान, डिजिडल वोर्ड निर्माण तथा सफ्टवयेरको प्रयोग गरी सेवा प्रवाहलाई पारदर्शी र प्रविधि मैत्री बनाउन रु १७ लाख विनियोजन गरिएको छ।

**गैर सरकारी संस्थासँग साझेदारी**

१. स्ट्रोम फाउन्डेशन नेपाल र मानव अधिकार सचेतन केन्द्र हुरेक नेपाल रोल्पाको साझेदारी तथा लुङग्री गाउँपालिकाको समन्वयमा यस गाउँपालिकाको वडा नं. ५, ६ र ७ मा समावेशी तथा गुणस्तरीय शिक्षा, मानसिक स्वास्थ्य, जीविकोपार्जन सबलीकरण कार्यक्रम संचालन गर्न १ करोड ५७ लाख ९५ हजार ७ सय ५९ विनियोजन गरिएको छ।
२. लुङग्री गाउँपालिका र हेफर नेपालको सहकार्यमा कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनालाई निरन्तरता दिन गाउँपालिकाबाट रु १ करोड र हेफर प्रोजेक्टको तर्फबाट ४८ लाख ३ हजार ९ सय गरि १ करोड ४८ लाख ३ हजार ९ सय विनियोजन गरिएको छ।
३. आगामी आ.व.को लागि गैर सरकारी संस्थासँगको साझेदारी र समन्वयमा कार्यक्रम संचालन गर्न रु ३ करोड ५ लाख ८९ हजार ६ सय ५९ सुनिश्चित गरिएको छ।

**राजश्व प्रशासन**

१. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका आवश्यक स्रोत खोजी गरिनेछ। करको दर भन्दा दायरा अभिवृद्धिमा जोड दिइनेछ। करको दायरामा आउन नसकेका स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने अल्लो धागो निकासी कर प्रति के.जी. रु १०, कागज कवाडी निकासी कर प्रती के.जी. रु १ कायम गरिएको छ। पानीको मुहान दर्ता शुल्क रु १५०० र नविकरण शुल्क रु १००० कायम गरिएको छ। समयमै राजस्व नबुझाउनेलाई प्रति वर्ष १५% का दरले जरिवाना सहित असुल गर्ने व्यवस्था आर्थिक विद्येयक २०८१ प्रस्ताव गरिएको छ।

२. विद्युतीय प्रणालीबाट राजस्व संकलन तथा दाखिलालाई प्रभावकारी बनाउन राजस्व प्रशासनसँग सम्बन्धित शाखा तथा वडाका कर्मचारीहरुलाई क्षमता विकास तालिम दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

आगामी आ.व. २०८१/८२ को लागी क्षेत्रगत रुपमा आर्थिक विकासमा २ करोड ३ लाख ३१ हजार, सामाजिक विकासमा २७ करोड ६६ लाख १० हजार ५ सय, पूर्वाधार विकासमा ४ करोड ३ लाख ६० हजार, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १ करोड ३८ लाख ५० हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ११ करोड ७१ लाख ५७ हजार ६ सय ५० गरी कुल बजेट रु **४६ करोड ८३ लाख ९ हजार १ सय ५० संचित कोषबाट खर्च हुने गरि** विनियोजन गरिएको छ। जसमध्ये चालु खर्च तर्फ रु ३४ करोड ४३ लाख ८९ हजार र पूँजीगत तर्फ १२ करोड ३९ लाख २० हजार १ सय पचास विनियोजन गरिएको छ।

अन्त्यमा, आर्थिक वर्ष २०८१।८२ को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरु, राजनीति दलहरू, सहिद परिवार तथा घाइते अपाङ्ग योद्धाहरु, शिक्षक, बुद्धिजीवी, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत आम नागरिकमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

## धन्यवाद ।।।

दिल कुमारी गुरुङ
उपाध्यक्ष
लुङग्री गाउँपालिका